संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ४३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन ४ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री दिल कुमारी
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री दिपक प्रकाश भट्ट
६. मा० श्री देवप्रसाद तिमलसेना
७. मा० श्री नविना लामा
८. मा० श्री नारायण प्रसाद खतिवडा
९. मा० श्री पवित्रा निरौला (खरेल)
१०. मा० श्री पार्वता डि.सी. (चौधरी)
११. मा० श्री पार्वती कुमारी विशुन्के
१२. मा० श्री पूर्ण कुमारी सुवेदी
१३. मा० श्री प्रकाश रसाईली (स्नेही)
१४. मा० श्री प्रमोद साह
१५. मा० डा० विजय सुब्बा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री तिलबहादुर महत क्षेत्री
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री गिरिराजमणि पोखरेल
४. मा० श्री सरला कुमारी यादव
५. मा० श्री रेनुका गुरुङ्ग
६. मा० श्री अनिल कुमार झा
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री निरुदेवी पाल
९. मा० श्री बहादुर सिंह लामा (तमाङ)
१०. मा० श्री गजेन्द्र बहादुर महत
११. मा० श्री राजबहादुर बुढाक्षेत्री
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री आशा कुमारी वि.क.
१४. मा० श्री नरबहादुर धामी

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरु सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरु थान २ (दुई) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १ | बिरुवा संरक्षण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०३/२४ |
| २ | २ | बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०३/२४ |

मिति : २०७९/३/२४ (डा. तोयनारायण ज्ञवाली)

सचिव

(ख) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीत समेत भई प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरु सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरु थान १३ (तेह्र) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | ३ | लोक सेवा आयोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण | २०७९/३/३१ |

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| | | गर्न बनेको विधेयक | |
| २. | ४ | आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ३. | ५ | ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ४. | ६ | राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ५. | ७ | नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ६. | ८ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ७. | ९ | यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ८. | १० | फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ९. | ११ | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १०. | १२ | सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ११. | १३ | औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १२. | १४ | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १३. | १५ | रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |

मिति : २०७९/३/३१ (डा. तोयनारायण ज्ञवाली)

सचिव

त्यसपछि अन्तर्राष्ट्रिय सम्बन्ध समितिका मा० सभापति श्री पवित्रा निरौला (खरेल)ले "अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

तदुपरान्त उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री विमल प्रसाद श्रीवास्तवले "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

तत्पश्चात मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले राष्ट्रिय सभामा उत्पत्ति भएको "विकास तथा प्रविधि समितिको प्रतिवेदन सहितको नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि विकास तथा प्रविधि समितिको प्रतिवेदन सहित "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गणेश कुमार पहाडी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सरिता कुमारी गिरी
४. मा० श्री गजेन्द्र बहादुर महत
५. मा० श्री दिव्यमणि राजभण्डारी

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विकास तथा प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६” का सम्बन्धमा विकास तथा प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २२ सम्म “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले राष्ट्रिय सभामा उत्पत्ति भएको “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदुपरान्त मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीले राष्ट्रिय सभामा उत्पत्ति भएको “महिला तथा सामाजिक समितिको प्रतिवेदन सहितको ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात महिला तथा सामाजिक समितिको प्रतिवेदन सहित “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५” माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अमृता थापा
२. मा० श्री मिनबहादुर विश्वकर्म
३. मा० श्री गोपाल बहादुर बम
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री घनश्याम खतिवडा
६. मा० श्री मिना सुब्बा
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री मोहन बानियां
९. मा० श्री सरिता कुमारी गिरी
१०. मा० श्री विन्दा पाण्डे

त्यसपछि मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीले जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको संशोधनहरुलाई स्वीकृतीको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीले जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको स्वीकृत संशोधनहरु “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५” का सम्बन्धमा महिला तथा सामाजिक समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५” का सम्बन्धमा महिला तथा सामाजिक समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २३ सम्म “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीलाई राष्ट्रिय सभामा उत्पत्ति भएको “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री प्रदिप यादवले नेपालको संविधानको धारा २७९ तथा प्रतिनिधि सभा नियमावली २०७५ को नियम २२५ को खण्ड (क) बमोजिम “ग्लोबल ग्रिन ग्रोथ इस्टिच्युट **(Global Green Growth Institute)** को सहभागितामूलक सदस्य **(Participating Member)** का रुपमा सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी सम्झौताको प्रावधानमाथि सदनमा छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि "ग्लोबल ग्रिन ग्रोथ इस्टिच्युट **(Global Green Growth Institute)** को सहभागितामूलक सदस्य **(Participating Member)** का रुपमा सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी सम्झौताको प्रावधान" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शक्तिबहादुर बस्नेत
२. मा० श्री पूर्ण कुमारी सुवेदी
३. मा० डा० भीम बहादुर रावल

यसैबीच मा० डा० भीम बहादुर रावलले छलफलमा भाग लिने क्रममा अमेरिकी राज्य साझेदारी कार्यक्रममा नेपालको सहभागीता नहुने कुरा मा० गृह मन्त्री, मा० परराष्ट्र मन्त्री, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, विभिन्न दलका शीर्ष नेताहरुले समेत भनीसकेपछि सो सम्बन्धी पत्र हालसम्म नलेखिएकोले उक्त पत्र लेख्न र सदनमा जानकारी गराउन सम्माननीय सभामुखबाट रुलिङ्ग हुनुपर्छ भन्नुहुँदै रोष्ट्रम अगाडि उभिएर बस्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले बारम्बार मा० सदस्यले उठाउनु भएको विषयतर्फ ध्यानाकर्षण भएको, सम्बन्धित मा० मन्त्रीले यस विषयमा सदनलाई जानकारी गराउन हुनेछ र मा० सदस्यलाई उपलब्ध गराएको समय सकिएकोले आशन ग्रहण गर्न भन्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ (च) एवं २३ (१) को परिपालनाको लागि आग्रह गर्दा पनि मा० डा० भीम बहादुर रावल रोष्ट्रम अगाडि उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै पन्ध्र मिनेटपछि बस्नेगरी आजको बैठक दिनको ३:१० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै पन्ध्र मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम "ग्लोबल ग्रिन ग्रोथ इस्टिच्युट **(Global Green Growth Institute)** को सहभागितामूलक सदस्य **(Participating Member)** का रुपमा सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी सम्झौताको प्रावधान" माथिको जारी छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रकाश रसाईली (स्नेही)
३. मा० श्री राजेन्द्र कुमार के.सी.
४. मा० श्री सञ्जय कुमार गौतम
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री पार्वती कुमारी विशुन्के
७. मा० श्री रेखा कुमारी
८. मा० श्री मोहन बानियां
९. मा० श्री सरिता कुमारी गिरी

यसैबीच मा० श्री प्रकाश रसाईली (स्नेही)ले नियमापत्ति गर्नुहुँदै मा० श्री मोहन बानियांले छलफलमा भाग लिने क्रममा प्रयोग गर्नुभएको "भोसडी" भन्ने शब्द असंसदीय भएकोले संसदको रेकर्डबाट हटाईयोस् भन्नुभएपछि सम्माननीय सभामुखले सो विषयमा सम्बन्धित मा० सदस्यको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री प्रदिप यादवले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री प्रदिप यादवले नेपालको संविधानको धारा २७९ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २३० बमोजिम "ग्लोबल ग्रिन ग्रोथ इस्टिच्युट **(Global Green Growth Institute)** को सहभागितामूलक सदस्य **(Participating Member)** का रुपमा सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी सम्झौतालाई अनुमोदन गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन ५ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:३० बजे स्थगित भयो ।

डा भरतराज गौतम
संघीय संसदको महासचिव